NEW FOREST
NATIONAL PARK

# स्वागत छ

## नयाँ अरण्य राष्ट्रिय उद्यान (New Forest National Park)- मा

**प्राचीन वनभूमि, हेदर घाँसले ढाकिएको ठाउँ, विस्तृत चउर, हिलोले भरिएको स्थल, ग्रामीण कृषिभूमि, रमणीय गाउँहरू तथा तटीय लवणको धाप, ताल र माटोका भिरालो स्थान भएको अद्वितीय भूदृश्यमा स्वागत छ।**

राष्ट्रिय उद्यान (National Park) जंगल साथै शान्तिको अनुभव प्रदान गर्ने दक्षिण इङ्गल्याण्डका अन्तिम स्थलहरूमध्ये एक हो। यो यूरोपमा बाँकी रहेको सबैभन्दा ठूलो घाँसको निम्नभूमि हो अनि यसले एक यस्तो भूदृश्यको आनन्द दिन्छ जो कुनै समयमा कहीं अधिक विस्तृत थियो।

900 वर्षअघि विलियम द कंकरर् (William the Conqueror)-ले यो जंगललाई शिकारको लागि छुट्याएका थिए अनि शताब्दीयौंसम्म मृग, टट्टु र गाई-भैंसी यहाँ चरेको हुनाले यो भूदृश्यले वर्तमान आकार पाएको हो; विलियमले शायद आजपनि जंगलको अधिकांश भागको पहिचान गर्नेथिए होलान्।

पैदल, साइकल वा घोड़ामा चड़ेर यस रमणीय स्थानमा घुम्नसकिन्छ। वन्यप्राणीहरूले समृद्ध यस स्थानमा तपाईंले ती दृश्यहरू देख्नुहुनेछ जसले तपाईंको भ्रमणलाई विशेष बनाउनेछ जसमा प्राचीन ओक वृक्ष, शरद् ऋतुमा च्याउसरहका उद्‌भिद र बनेलहरू, मृग, सरीसृप, शिकार गर्ने पक्षी तथा स्वतन्त्र रूपमा विचरण गरिरहेका नव-अरण्यका प्रसिद्ध टट्टुहरू पनि सामेल छन्।

त्यहाँ जान अनि नयाँ अरण्य राष्ट्रिय उद्यानलाई एक विशेष स्थान बनाइराख्नमा मद्दत पुर्‍याउनको लागि रेल वा नयाँ अरण्य यात्रा बसको उपयोग किन नगर्ने ?







# एक विशेष स्थान

नयाँ अरण्य राष्ट्रिय उद्यान धेरै कारणहरूको लागि विशेष छ। ती कारणहरूमा सामेल छन् :

- उत्कृष्ट प्राकृतिक सुन्दरता
- उद्‌भिद अनि जनावरहरूको असाधारण विविधता
- अद्वितीय ऐतिहासिक, सांस्कृतिक अनि पुरातात्त्विक धरोहर
- ऐतिहासिक साझाकरण प्रणाली
- प्रतीकात्मक नव-अरण्य टट्टु
- शान्ति
- शान्तिपूर्ण मनोरञ्जन, अध्ययन अनि अन्वेषणको लागि चमत्कारिक अवसरहरू
- एक स्वस्थ परिवेश
- सशक्त अनि विशिष्ट पहिचान भएका स्थानीय समुदायहरू

'विशेष विशेषताहरू' बारे अधिक जानकारी को लागि **www.newforestnpa.gov.uk/livingin** हेर्नुहोस्।

# अझ अधिक पत्तो लगाउनको लागि जानुहोस्...

- लिण्डहर्स्ट (ख्ठुस्त्रद्धह्लह्यह)-को नव-अरण्य केन्द्र (New Forest Centre) अनि त्यहाँ आकर्षक ग्यालेरी प्रदर्शनहरू, अन्य विविध प्रदर्शनहरू, उपहार पसल, आगन्तुक सूचना केन्द्र अनि क्रिस्टफर टावर न्यू फरेस्ट रिफरेन्स पुस्तकालय (Christopher Tower New Forest Reference Library) मार्फत राष्ट्रिय उद्यानको खोज गर्नुहोस्।
- लिमिङ्गटन (Lymington 01590 689000), लिण्डहर्स्ट (Lyndhurst 023 8028 4444) वा रिङ्गवुड (Ringwood 01425 470896) **www.thenewforest.co.uk** अनि नव-अरण्य तथा त्यससित जोड़िएका भूमिबारे जानकारी प्राप्त गर्नुहोस्।
- बिउलिउ (Beaulieu), ब्रोकेन्हर्स्ट (Brockenhurst) अनि बर्ली (Burley)का राष्ट्रिय उद्यानसम्बन्धी स्थानीय सूचना केन्द्रहरूमा अनि त्यहाँका मैत्रीपूर्ण र जानकार कर्मचारीहरूबाट सित्तैंमा पर्चा र सूचनाहरू प्राप्त गर्नुहोस्।
- राष्ट्रिय उद्यान र वरिपरिका क्षेत्रहरूमा घुमिरहने राष्ट्रिय उद्यान अन्वेषक (National Park Explorer) नामक हाम्रो सचल प्रभागमा अनि त्यहाँ नि:शुल्क पर्चा, सूचना अनि रमाइलो खेलहरूबारे जानकारी प्राप्त गर्नुहोस्।

यो मानचित्र Controller of Her Majesty's Stationery Office © Crown Copyright-को तर्फबाट अर्डनेन्स् सर्भे (Ordnance Survey)-को अनुमति लिएर अर्डनेन्स सर्भे सामग्रीद्वारा तयार पारिएको हो। यसको अनधिकृत पुनरूत्पादनले Crown Copyright को उल्लंघन गर्छ अनि परिणामस्वरूप फौजदारी वा गैर-फौजदारी मुद्दा चल्नसक्छ। नयाँ अरण्य राष्ट्रिय उद्यान प्राधिकरण अनुमति पत्र संख्या 100014703 2008।














# नयाँ अरण्यको ध्यान राख्नु

नया अरण्य राष्ट्रिय उद्यानमा मानव अनि प्रकृति मेलजोलका साथ एकजुट भएर बसोबासो गर्छन्। हामीले यसो गर्न जारी राख्नसकौं, सो सुनिश्चित गर्नको लागि कृपया तलका साधारण आचार संहितालाई पालन गर्नुहोस् :

**प्रवेश:** वन्यप्राणीहरूलाई विचलित नतुल्याउनको लागि तोकिएको मार्गमै हिंड्नुहोस्। साँझसम्ममा फरेस्ट्री कमिशन कार पार्क्सबाट बाहिर निस्किने योजना बनाउनुहोस्।

**कुकुर:** नयाँ अरण्य कुकुरहरूलाई घुमाउने अति उत्तम स्थान हो तर उनीहरूलाई सदैव आफ्नो दृष्टि अनि नियन्त्रणमा राख्नुहोस्। पक्षीहरूलाई सुरक्षित ढंगमा उनीहरूका चिडनाहरूलाई हुर्काउन दिनको लागि मई अनि जून महिनाहरूमा कुकुरहरूलाई तोकिएको मार्गमै हिंड्उनुहोस्। ग्रीष्मकालमा कतिपय तटहरूमा कुकुरहरू लैजान मनाही छ; स्थानीय प्रतिबन्धहरूको पत्तो लगाउनु होला।

**पार्किङ्ग :** कार पार्क गर्ने निश्चित स्थानकै प्रय

**वाहन चलाउनु :** न हुँदैन! विशेष गरी राती अधिक सर्तक रहनुहोस्।

**आगो :** तरा भएको हुनाले नयाँ अरण्यमा साधारणत: क्याम्प फायरको लागि अनुमति दिइदैंन। फरेस्ट्री कमिशन (Forestry Commission) (023 8028 3141 वा www.forestry.gov.uk/newforest)-द्वारा विल्भर्‌ली (Wilverley) अनि एण्डरवुड (Anderwood) कार पार्क तथा हेम्पशायर काउण्टी काउन्सिल (कृपया अग्रिम बुकिङ्ग गर्नुहोला 023 8089 9108 वा www.hants.gov.uk/lepe)-द्वारा लेप कण्ट्री पार्कमा भाड़ामा बार्बेक्यू (Barbecue) स्थलहरू उपलब्ध गराइन्छन्।

**साइकल चलाउनु :** साइकल निर्दिष्ट बाटोमै चलाउनुहोला। पैदल हिंड्ने अनि घोड़ामा चड्नेहरूलाई बाटो दिनुहोला, तथा उनीहरूतर्फ जाँदा चेताउनी दिनुहोला। कम्ती चौड़ो बाटोमा एकजनाले मात्रै सवारी गर्नुहोला तथा दुइजनाभन्दा अधिकले चाँहि एउटै साइकलको सवारी कहिल्यै नगर्नुहोला। स्पष्ट रूपमा देखियोस्, सो सुनिश्चित गर्न उज्यालो अर्थात् चम्किलो रंगका कपड़ाहरू लगाउनुहोला अनि अन्धकारमा सदैव बत्तीको प्रयोग गर्नुहोला।

**वन प्रबन्धन :** चेताउनीका कुनैपनि निर्देश अनि सङ्केतमाथि ध्यान दिनुहोला। काठ लदाइदैं गरेको वाहन त्यतिबेला मात्रै पार गर्नुहोला जतिबेला तपाईंलाई यसो गर्नु सुरक्षित छ भनी भनिन्छ।

**फोहोर :** कृपया आफ्नो फोहोर–मैलालाई घर लिएर जानुहोला।

**टट्टु :** कृपया टट्टुहरूलाई नखुवाउनु होला। उनीहरू मिलनसार देखिए तापनि उनीहरूले टोक्न साथै लातले हिर्काउनसक्छन् – विशेष गरी बछेड़ा वा बछेड़ीसित भएको घोड़ीले – अनि हातले खुवाइएका टट्टुहरू सड़कको छेउमा जम्मा हुन्छन् र अन्य आगन्तुकहरूप्रति आक्रामक हुन्छन्। जंगलमा उनीहरूको लागि पर्याह्लश्वत प्राकृतिक आहार उपलब्ध छ।









## राष्ट्रिय उद्यान के हो?

राष्ट्रिय उद्यान असाधारण प्राकृतिक सुन्दरता भएको यस्तो क्षेत्र हो जहाँ बाह्य आमोद-प्रमोदका अति उत्तम अवसरहरू उपलब्ध हुन्छन्। नयाँ अरण्यसरह यसलाई विशेष सुरक्षा अनि प्रबन्धनको खाँचो हुन्छ।

नयाँ अरण्य राष्ट्रिय उद्यानका उद्देश्यहरू हुन् :

- उद्यानका प्राकृतिक सुन्दरता, वन्यजीवन अनि सांस्कृतिक सम्पदालाई वृद्धि गर्नु, अनि
- यसका विशेष गुणहरूलाई बुझ्ने र यसको आनन्द उठाउने कार्यलाई प्रोत्साहित गर्नु।

यसको अतिरिक्त, राष्ट्रिय उद्यानभित्रका समुदायहरूको सामाजिक अनि आर्थिक हितहरूप्रति ध्यान दिने कर्त्तव्य पनि राष्ट्रिय उद्यानको हो।



NEW FOREST
NATIONAL PARK

टेलिफोन नम्बर : 01590 646600
ई–मेल : enquiries@newforestnpa.gov.uk
वेबसाइट : www.newforestnpa.gov.uk

© New Forest National Park Authority 2009
सबै तस्वीरहरू New Forest National Park Photographic Library–बाट लिइएका हुन्

पुनः उपयोगसम्बन्धी प्रक्रियाद्वारा निर्मित कागजमा मुद्रित